**प्रश्न नं. ८४**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.१०१२६ देखि १०२४७ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

डिलबहादुर सुनारको जाहेरीले नेपाल सरकार

बिरुद्ध

रूपन्देही जिल्ला, सेमलर गा.वि.स. वडा नं. ४ खड्कबहादुर नेपाली, मनकुमारी नेपाली

<u>मुद्दाः-ज्यान सम्वन्धी कसूर</u>

- मिति २०७५।८।५ गते मेरो भाई चन्द्रबहादुर सुनार घरबाट निस्की हिँडेको, घरमा फर्की नआएकोले खोजतलास गर्दै रहेको अवस्थामा खड्कबहादुर नेपाली र मनकुमारी नेपालीले भाईलाई कर्तव्य गरी मारी मल्खादमा गाडेका छ, भन्ने कुरा खुल्न आएको हुँदा निजहरूलाई समेत दाखिला गरेको छु, कानूनबमोजिम गरिपाऊँ भन्ने समेत व्यहोराको डिलबहादुर सुनारको जाहेरी दरखास्त ।
- प्रतिवादी खडकबहादुर नेपालीको घरको आँगनमा मिति २०७५।८।७ गते खड्कबहादुर नेपालीले चन्द्रबहादुर सुनारलाई कर्तव्य गरी मारेको स्थानमा प्रयोग गरेको ढुंगा थान १ फेला परेको, सो घरको पूर्व १५ फीटमा फुसले छाएको घर रहेको, सो घरको पूर्वतर्फको बलेनी तल गोबर फाल्ने मल्खाद रहेको, सोही मल्खादमा मृतक चन्द्रबहादुर सुनारलाई प्रतिवादी खड्कबहादुर नेपालीले गाडेको स्थान, उक्त स्थानदेखि १५० मीटर पूर्व खोल्सा रहेको, सो खोल्साको पश्चिम किनारमा मृतकका अस्थिपञ्जरहरू वगरमा यत्रतत्र छरालिएको अवस्थामा फेला परेका, उक्त हड्डीमध्ये मानिसको टाउको जस्तो खोपडी थान-१, नली हाड थान-३ र करङ्ग थान-१ समेत बरामद गरी बाँकी हाडखोर मृतकको आफन्तलाई सतगतका लागि जिम्मा लगाइएको भन्ने समेत व्यहोराको घटनास्थल तथा लास प्रकृति मुचुल्का ।
- चन्द्र वहादुरको मुत्यु कारण Blunt force injury to the head in take presence of multipal blunt force, injuries to the entire body भन्ने उल्लेख भएको पोष्ट मार्टम रिपोट
- जाहेरीबमोजिम मैले चन्द्रबहादुरलाई मारेको होइन । दाजु तिलबहादुर र चन्द्रबहादुरका बीचमा जग्गासम्बन्धी झगडा थियो । के कसरी मरे मलाई थाहा भएन । जाहेरी झूठा हो, अभियोग दावीबमोजिम मैले कसैलाई नमारेकाले सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी खड्कबहादुर नेपालीले अनुसन्धान अधिकृत समक्ष गरेको वयान ।
- जाहेरीबमोजिम चन्द्रबहादुर सुनारलाई मेरो लोग्ने र म मिलेर मारि मलखतमा गाडेको हो । चन्द्रवहादुर संग हामो पुरानो रिसइवी थियो । खाना खाई सुत्ने वेलामा मेरो श्रीमानले मसला कुटने फलामको लौरोले टाउकोमा हाने पछि चन्द्रवहादुर ढलेको हो । त्यसपछि पटक पटक मेरो लोग्ने र मैले कुटि सास

हुदै मलखतमा गाडेको हो । सजाय भन्ने समेत व्यहोराको प्रतिवादी मनकुमारी नेपालीले अदालतसमक्ष गरेको बयान ।

- २०७५ साल मंसिर महिनाको अन्तिम हप्तामा हो, चन्द्रबहादुर सुनार ससुरा खड्कबहादुर नेपालीको घरमा आई सुतेका थिए । बसन्ती नेपाली घरमा थिइन् । खड्कबहादुर नेपाली र मनकुमारी नेपाली गाउँमा गएका थिए । निजहरू राति आई चन्द्रबहादुर सुनारलाई कुटपीट गरी आँगनमा ल्याई फलामका लौरो जस्तोले कुटे । खड्कबहादुर नेपालीले यसले गर्दा म जेलमा परेको हुँ भन्ने र मनकुमारी नेपालीले यसलाई मार्ने हो भन्दै लात्ताले हान्ने गरिन् । खड्कबहादुर नेपालीले` हाने, मैले नपिट्नुहोस् भन्दा धम्क्याए । घाँटी च्यापी मारी मल्खादमा लगी गाडे । कसैलाई भनेमा ज्यान मारी दिन्छौं भनेकाले भनिन भन्ने समेत व्यहोराको सुकमाया नेपाली र बसन्ती नेपालीको कागज ।
- किटानी जाहेरी,खड्कबहादुर नेपाली (सार्की) को सनाखत कागज, मौकामा वुझिलिएका कागजसावित्री पोखरेल,सुनील सुनार,सुकमाया नेपाली ,बसन्ती नेपाली, पोष्टमार्टम रिपोर्ट समेतको आधारमा प्रतिवादी खड्कबहादुर नेपाली (सार्की) र मनकुमारी नेपाली (सार्की) ले चन्द्रबहादुर सुनारलाई कर्तव्य गरी मारेको हुँदा मुलुकी अपराध सहिताको मुलुकी फौजदारी संहिता २०७४ को पोपरिच्छेद १२ दफा १७७(१) नं.को कसूरमा ऐ. १७७(२) नं. बमोजिम सजाय हुन मागदावीसहितको अभियोग पत्र ।
- प्रतिवादीहरुको अदालतमा ईन्कारी बयान
- रुपन्देही जिल्ला अदालतबाट भएको फैसला
- बटवल जिल्ला अदालत  प्रस्तुत गरेको पुनरावेदनपत्र